जि. प्रशा.का.,बारा,द.नं.: ६४/०७२/०७३ जि. हुलाक का.,बारा,द.नं.: १०/०७२/०७३

# साझेदारी

सत्य, तथ्य र निष्पक्ष सामाचारका लागि

राष्ट्रिय दैनिक

SAJHEDARI NATIONAL DAILY

इ-पेपर हेर्नका लागि

वर्ष : ८ अंक : १९२ २०७९ साल माघ १९ गते, बिहीवार Thursday 2, Feb. 2023 मूल्य रु. ५/- पृष्ठ : ४

## राज्यले प्रदान गर्ने अनुदानहरुमा टाठाबाठाहरुको नै राजाई छः कृषि मन्त्री साह

*रञ्जन यादव*
*जीतपुरसिमरा, १८ माघ*

कृषि तथा पशुपंक्षी मन्त्री ज्वालाकुमारी साहले राज्यले प्रदान गर्ने अनुदानहरुमा टाठाबाठाहरुको नै राजाई



मन्त्री साहलाई सम्मान गर्दै संघको प्रतिनिधिहरु फोटोः साझेदारी

हुने गरेको बताईन ।

जीतपुरसिमरा नगर उद्योग बाणिज्य संघले आयोजित मन्त्री साहलाई सम्मान कार्यक्रममा बोल्दै मन्त्री साहले यस्तो बताएकी हुन ।

उनले अब कृषि मन्त्रालयले त्यस्ता सुक्लामुक्ला किसानको निगरानी गर्ने बताईन ।

एकद्धार प्रणालीबाट अनुदान बितरण नहुँदा एउटै मान्छे तीनै तहको सरकारबाट राहत पाउँने तर खेतमा पसिना बगाउने किसान हेरेको हेरैं गर्ने प्रबृति रहेको बाताएकी छिन ।

अब सहुलियत ब्याजदरमा किसानलाई ऋण प्रदान गर्ने ब्यवस्था लागु गर्नुपर्ने उनको भनाई छ ।

नगर उद्योग बाणिज्य संघका अध्यक्ष मोहन शर्मा लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा प्रदेश सभा सदस्य देवनारायण चौधरी, गढीमाई साझेदारी बन पथलैयाका अध्यक्ष गणेशजी प्रसाद साह, जीतपुरसिमरा उपमहानगर-पालिका वडा नम्बर ७ का अध्यक्ष सुनिल गुप्ता, महासचिव प्रकाश गिरी ,कोषाध्यक्ष रामबाबु कलवार लगायतको सहभागिता रहेको थियो ।

## धनुषामा प्रहरी हिरासतबाट भागेका छमध्ये तीनजना पक्राउ

*धनुषा, १८ माघ*

इलाका प्रहरी कार्यालय महेन्द्रनगरबाट पर्खाल फोडेर भागेका छमध्ये तीनजना थुनुवा पक्राउ परेका छन् । पक्राउ पर्नेमा मिथिला नगरपालिका-२ का २५ वर्षीय हरिदीप सिंह, क्षीरेशवरनाथ नगरपालिका-२ का २५ वर्षीय अमित मण्डल र मिथिला नगरपालिका-६ का रोशनकुमार महतो रहेका छन् ।

अभद्र व्यवहार तथा शान्तिसुरक्षाविरुद्धको मुद्दाका हरिदीपलाई मङ्गलबार राति र अमितलाई मङ्गलबार दिउँसो पक्राउ

बाँकी तेस्रो पृष्ठमा

## ब्यापक बिरोध भएपछि वीरगञ्ज पिप्रा लिंक रोडको नामाकरण कार्य स्थगित

*राम मण्डल*
*वीरगञ्ज, १८ माघ*

ब्यापक बिरोध भएपछि वीरगञ्ज महानगरपालिकाको वडा नम्बर १४ पिपरा टोलमा रहेको पिपरा लिङ्क रोडको नामाकँकरण गर्ने कार्य



विरोध गर्दै स्थानीय युवाहरु । फोटोः साझेदारी

स्थगित भएको छ ।

बिहीबार एक कार्यकमको आयोजना गरि उक्त रोडको नामाकरण महात्मा गान्धी (एमजी) पथ राख्ने कार्यकम राखिएको थियो । तर,स्थानीयबासी एवम् राजनीतिक दलबाट समेत ब्यापक रुपमा बिरोध र आलोचना भएपछि रोडको नामाकरण गर्ने कार्य हालको लागि स्थगित गरिएको हो ।

वीरगन्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले पिपरा स्थित जेष्ठ नागरिक पार्कलाई महात्मा गान्धी पार्क र पिप्रा लिङ्क रोडलाई महात्मा गान्धी पथ राख्नेगरी कार्ययोजना अगाडी बढाएको प्रति स्थानीयवासीले आपत्तिले जनाउदै बिरोध प्रदर्शन समेत गरेका थिए । पहिले नै पिप्रा लिँकरोड भनेर नामाकरण भईसकेको रोडको नाम फेरेर महात्मा गान्धि राख्नाले ऐतिहासिक र धार्मिक महत्वलाई समाप्त पार्न खोजिएकोले बिरोध गरेको स्थानीय अनिल पटेलले बताए ।

स्थानीयबासीहरुसँगै बिभिन्न दलहरुले समेत पिप्रा लिँक रोडलाई महात्मा गाँधी पथ नामाकरण गर्न लागिएकोमा बिरोध जनाएका थिए । उनीहरुले नेपालमै रहेका बिभिन्न शहिदहरुको नाम अथवा नेपालीपन झल्किने किसिमका नाम राख्नमा कुनै आपति नभएको तर महात्मा गाँधी

बाँकी तेस्रो पृष्ठमा




समयमा कर तिरौं गाउँको विकासमा सहयोगी बनौं ।
कलैया उपमहानगरपालिकाको कार्यालय, कलैया, बाराद्वारा जनहितमा जारी

## साझेदारी राष्ट्रिय दैनिकका लागि

प्रकाशक/सम्पादक : श्यामबाबु प्रसाद यादव -९८५५०४५०८०
सह सम्पादक : सन्तोष पाण्डे -९८५५०४५९९०
उप-सम्पादक : गणेशराज रिजाल-९८५५०२४९५५
उप-सम्पादक : वसन्त खतिवडा -९८४५०९२५२४
लेआउट डिजाइनर : राजेश चौधरी :-९८०७२२८०६१
कानूनी सल्लाहकार : प्रमहंस प्र.केशरी, श्यामबिहारी कुशवाहा र नरेश चौधरी
मुद्रक : पौडेल अफसट् प्रेस, वीरगंज
प्रधान कार्यालय : कलैया-१, राजदेवी टोल, बारा
सम्पर्क फोन : ०५३-५५१०४७, मो.नं.९८०९१९१३००
Email : sajhedari.daily@gmail/com, shyam.bara@gmail/com
facebooak : साझेदारी राष्ट्रिय दैनिक, साझेदारी दैनिक
twitter : @sajhedaridaily, YouTube : sajhedari daily
online : www.sajhedaridaily.com


# कामधन्दाको मारमा विद्यार्थी

*टङ्कीसिनवारी, १८ माघ*

विराटनगर महानगरपालिकाभित्र कतिपय बालबालिकाले अझै बाल अधिकारको पूर्ण उपयोग गर्न पाएका छैनन् । बालबालिकाबीचको विभेद, बाल श्रम, बाल विवाह जस्ता घट्ना दोहोरिने गरेको छ । अझ बालिकालाई घरको कामधन्दा सकेपछि मात्र विद्यालय जान पाइने सकस नगरक्षेत्रभित्र यथावत् नै छ ।

विराटनगर(७ मा आदर्श बालिका विद्यालय छ । बालिकामात्र अध्ययन गर्ने आदर्श विराटनगरको एक मात्र विद्यालय हो । विद्यालयमा तीन सय २५ बालिका अध्ययनरत छन् । कक्षा १ देखि कक्षा १० सम्म नेपाली माध्यममा यहाँ पढाइ हुन्छ ।

विद्यालयमा मुख्य गरी मधेसी, मुस्लिम, पिछडा र सीमान्तकृत समुदायका बालिका पढ्छन् । सरदर दैनिक २० देखि २५ बालिका कक्षामा हाजिर हुँदैनन् । घरको कामले नभ्याएर पनि कतिपय बालिका विद्यालय आउनबाट वञ्चित हुने गरेको आदर्शका प्रधानाध्यापक रमेश नेपालले बताउनुभयो । उहाँले आदर्शमा अध्ययन गर्ने अधिकांश बालिकाका अभिभावक श्रमिक रहेको बताउनुभयो । सबेरै उठेर काममा अभिभावक हिँड्नुपर्ने भएकाले कलिलो उमेरमा नै बालिकाले घरको काम सम्हाल्नुपर्ने स्थिति रहेको बताउनुभयो ।

कक्षा ७ की १३ वर्षीया पिङ्की राजवंशीलाई विद्यालय आउनुअघि र विद्यालयबाट घर पुगेपछि कामको नै चटारो हुने गर्छ । विराटनगर(८ को अशोकचोक बस्ने राजवंशीको घरमा हजुरबुबा, हजुरआमा, बुबा, आमा र ६ वर्षको भाइ छ । राजवंशीको बुबा रमेश राजवंशी र आमा सन्तोषी राजवंशी कटहरी गाउँपालिकामा रहेको बाबा जुटमिलमा कार्यरत हुनुहुन्छ । राजवंशीका बुबाआमा बिहानै काममा जानु हुन्छ र अबेर राति घर फर्कनुहुन्छ ।

बिहान उठेर घरआँगन बढार्ने, लिपपोत गर्ने, पूजा गर्ने, चिया खाजा बनाउने, भाइको हेरचाह गर्ने र भात पकाएर हजुरबुबा हजुरआमालाई खुवाएर राजवंशी विद्यालय पुग्नुहुन्छ । विद्यालयबाट फर्केपछि पनि भात पकाएर बुबाआमालाई राजवंशीले पर्खने गर्नुहुन्छ । सुत्ने बेलामा विद्यालयको गृहकार्य गर्नुहुन्छ । दाउरामा भात पकाउनु पर्दा चिसो दाउरा नबलेर भात ढिलो पाक्दा विद्यालय छुट्ने गरेको गुनासो राजवंशी गर्नुहुन्छ । यस्तै कक्षा ८ मा पढ्ने १४ वर्षीया निर्विषा दुलालको आमा हुनुहुन्न । दुलाल ठूलो बुबाको घरमा बस्नुहुन्छ । दुलाल पनि घरको कामधन्दा सकेर विद्यालय आउने गर्नुभएको छ । घरमा खाना पकाउने, सरसफाइ गर्ने, लुगा धुने दिनचर्या दुलालको रहेको छ । कामबाट समय बच्यो भने विद्यालय आउने दुलाल प्रायः विद्यालयमा अनुपस्थित हुनुहुन्छ ।

विराटनगर(४ स्थित बाल मन्दिर आधारभूत विद्यालयका प्रधानाध्यापक नेत्रप्रसाद पराजुलीले भर्ना भएपछि पनि बालबालिका विद्यालयमा नियमित हुन नसकेको बताउनुहुन्छ । उहाँले अनुपस्थित हुनेमा बालकभन्दा धेरै बालिका नै रहने गरेको सुनाउनुभयो । उहाँले गरिबी, सचेतनाको अभावका कारण अभिभावकले पनि आफ्ना सन्तानलाई काममा लगाइदिने, घरको कामको जिम्मेवारी अबोध बालबालिकाले लिनुपर्ने समस्या अझै विद्यमान रहेको बताउनुभयो ।



विराटनगर(२ स्थित शङ्करपुर आधारभूत विद्यालयका प्रधानाध्यापक दुर्गा पोखरेलले विद्यार्थीलाई विद्यालयमा नियमित गराउनु भनेको फलामको च्युरा चपाए झैँ रहेको बताउनुभयो । उहाँले विद्यालयमा अध्ययन गर्ने कतिपय बालबालिका महिनौँसम्म विद्यालयमा अनुपस्थित हुने बताउनुभयो । एक त आधारभूत विद्यालय पढ्ने बालबालिका आफैँ शारीरिक र मानसिक रूपमा कमजोर हुने त्यसमाथि पनि घरमा भात पकाउनेदेखि भाइबहिनी हेर्नुपर्ने जिम्मेवारीका कारण उनीहरूले पढ्ने वातावरण पाउन नसकेको बताउनुभयो । पोखरेल भाडामा लिएको सिटी रिक्सा लिएर आफैँ अनुपस्थित रहने विद्यार्थीको घर पुग्ने गर्नुहुन्छ । उहाँले अभिभावकलाई सम्झाइबुझाइ गरेर बहुसङ्ख्यक अनुपस्थित रहने विद्यार्थीलाई विद्यालयमा फर्काउनु भएको छ । विराटनगर महानगरपालिका शैक्षिक प्रशासन महाशाखाका अधिकृत कृष्ण भट्टराईले नगरक्षेत्रका सामुदायिक विद्यालयमा कतिपय विद्यार्थीले कक्षालाई निरन्तरता दिन नसकेको स्वीकार गर्नुभयो । गरिबी र पछौटेपनका कारण अभिभावकले पनि विद्यार्थीलाई विद्यालय पठाउन नचाहेर घर वा बाहिरको काममा लगाउने गरेको बताउनुभयो । भट्टराईले विद्यार्थीको अनियमित पठनपाठनका कारण सिकाइ क्षमतामा पनि गहिरो असर पर्ने गरेको बताउनुहुन्छ । उहाँले अभिभावकमा जागरुकता जारी छ भन्नुहुन्छ विद्यार्थीको शत्प्रतिशत भर्ना अनि नियमित पठनपाठनका लागि महाशाखाले विभिन्न कार्यक्रम ल्याएको भट्टराईले बताउनुभयो ।

महाशाखाले उपलब्ध गराएको तथ्याङ्कअनुसार विराटनगर महानगरपालिका क्षेत्रभित्रका आधारभूत तहको भर्ना दर ९०.१६ प्रतिशत, सामुदायिक विद्यालयमा कक्षा ६ देखि ८ मा ८३.४९, कक्षा ९ र १० मा ८१.२१ र कक्षा ११ र १२ को भर्ना दर ३४.६२ प्रतिशत रहेको छ । विराटनगर महानगरपालिकाभित्र आधारभूत र सामुदायिक ५६ विद्यालय छन् । यी विद्यालयमा १२ हजार एक सय ६८ बालिका र १२ हजार पाँच सय ८८ बालकसहित २४ हजार सात सय ५६ विद्यार्थी अध्ययनरत छन् । नगरक्षेत्रका १९ धार्मिक विद्यालयमा एक हजार ३६ बालिका र एक हजार एक सय ७३ बालक अध्ययनरत छन् ।

विराटनगर नगरक्षेत्रमा कूल ८४ संस्थागत विद्यालय छन् । यी संस्थागत विद्यालयमा १५ हजार एक सय ४५ बालिका र २० हजार तीन सय १३ बालक गरी कूल ३५ हजार चार सय ५८ विद्यार्थी अध्ययनरत छन् । (रासस)

# पर्यटकीय 'हब' बन्दै गाजाको दह

*ढोरपाटन, १८ माघ*

अग्लो पहाड । पहाडको बीचमा दह, मन्दिर र घरहरू । शान्त वातावरण र स्वच्छ हावापानी । यो गाजाको दहको पहिचान हो । हिउँदमा हिउँ खेल्नेहरूको र बर्खामा गर्मी छल्न आउनेहरूको यहाँ भीड नै लाग्ने गर्छन् । बाह्रै महिना आन्तरिक पर्यटकले भरिने गाजाको दह प्राकृतिक सुन्दरताले भरिपूर्ण छ । जिल्लाको जैमिनी नगरपालिका(३ दमेकमा पर्ने गाजाको दह निकै चर्चित भए पनि अझै आझेलमा छ ।

प्रकृतिले सजिएको गाजा जैमिनी, बागलुङ र गलकोट नगरपालिका तथा बरेङ गाउँपालिकाको सङ्गमस्थल हो । दुई हजार चार सय ८० मिटर उचाइमा रहेको गाजाको दहमा पुग्ने जो कोही पनि मोहित हुने गर्छन् । जिल्ला सदरमुकाम बागलुङ बजारदेखि २४ किलोमिटर टाढा रहेको गाजाको दहमा चार घण्टाको पैदल र डेढ घण्टाको गाडीको यात्रामा पुग्न सकिन्छ । प्रत्येक याममा यहाँको सुन्दरता फरक(फरक देख्न सकिन्छ । गाडीमा भन्दा बढी पैदल यात्रा गर्दा घुमफिर रोमाञ्चक बन्छ ।

वन, पाखा, खोला, झरना, गाउँले जीवनशैली र दर्जनौँ हिमशृङ्खलाले मनै लोभ्याउँछ । बागलुङ नगरपालिका(८ सिगाना, बौँडेचौर,



रेशको चापखर्क हुँदै यहाँ पुग्दा घनाजङ्गल पर्दछ । अझ यहाँ रहेको दहले धेरैलाई आकर्षित गर्छ । दह वरपरका परम्परागत घर अहिले पनि देख्न सकिन्छ । गाजा दह क्षेत्रको प्रचारप्रसार र पूर्वाधार निर्माणमा चासो नदिँदा ओझेलमा पर्न थालेको स्थानीय गोपाल छन्त्यालले बताउनुभयो ।

दहसँगै यहाँ बराह थान पनि रहेको छ । यहाँ पूजाआजा गर्दा मनोकाङ्क्षा पूरा हुने थापा बताउनुहुन्छ । खास गरी यहाँ हरेक वर्ष वैकुण्ठ चतुर्दशीमा मेला लाग्ने र मेलामा देशभरबाट पर्यटक आउने गरेको उहाँको भनाइ छ । थापाले यहाँ पर्यटक आकर्षित गर्ने संरचना बन्न नसकेकाले पर्यटक बढाउन नसकेको बताउनुहुन्छ । "अहिले जति पनि पर्यटक आउँछन्, उनीहरू पुरानै प्रचारका कारणले आएका हुन्, पछिल्लो समय गाजाको दहको प्रचारप्रसारमा कमी छ, यति महत्वपूर्ण र रमणीय ठाउँ छन्, पर्यटक बढाउन सकिएको छैन", छन्त्यालले भन्नुभयो, "प्रचार कम छ, यहाँ नयाँ संरचना पनि खासै बनेका छैनन्, प्रचारप्रसारलाई व्यापक बनाउने र यहाँ पूर्वाधार निर्माण गर्न सक्ने हो भने वर्षमा लाखौँ पर्यटक भित्र्याउन सकिन्छ ।"

पहिलेको तुलनामा केही परिवर्तन आएपछि गाजा दहमा पर्यटकीय आकर्षण बढेको उहाँको भनाइ छ । विद्यार्थी, कर्मचारी तथा जनप्रतिनिधि पनि समय(समयमा अवलोकन भ्रमणका लागि आउने गरेको उहाँ बताउनुहुन्छ । पछिल्लो समय खाना र बस्नको राम्रो व्यवस्था भएपछि रातमा पनि घुम्न आउनेको सङ्ख्या बढेको छन्त्याल बताउनुहुन्छ ।

सडकको पहुँच पुगे पनि निकै जोखिमपूर्ण छ । जोखिमपूर्ण यात्रा गर्न धेरैले रुचाउँदैनन् । गुल्मीको शान्तिपुरबाट घुम्न आउनुभएका प्रवेश क्षेत्रीले सडकको स्तरोन्नति गर्न सके धेरै पर्यटक भित्र्याउन सकिने बताउनुभयो । ठाउँ निकै रमणीय भए पनि यसको प्रचारप्रसार र भौतिक संरचना बनाउन सके बाह्य पयर्कटलाई समेत आकर्षित गर्न सकिने उहाँले बताउनुभयो ।

क्षेत्री भन्नुहुन्छ, "फोटो र भिडियोमा निकै सुन्दर देखिन्छ गाजाको दह, म पनि भिडियोमा देखेर घुम्न आएको हुँ, ठाउँ त धेरै रमाइलो रहेछ, तर बाटो निकै अप्ठ्यारो रैछ, बाटोमा जोखिम मोल्दै आए पनि यहाँ आएर देखिने दृश्यले त्यो दुःख र समस्या भुलाइदिँदो रैछ, तर यहाँको विकास गर्न धेरै बाँकी रैछ, सडक मात्रै पनि राम्रो भयो भने यहाँ आउन सहज हुने

**बाँकी तेस्रो पृष्ठमा**

## सम्पादकीय...

# किन उठ्न सकेन जीतपुरसिमराको करोडौंको राजश्व ?

बाराको जीतपुरसिमरा उपमहानगरपालिकाको अझै करोडौको राजश्व उट्न सकेको छैनन् । उपमहानगरपालिकालाई बुझाउनु पर्ने राजश्व उठ्न सकेको छैन । उपमहानगरपालिकाई ठेकेदारहरुले बुझाउँनुपर्ने करोडौँ रुपैया अहिलेसम्म नबुझाएपछि राजश्व रकम उठ्न सकेको छैन । विभिन्न ठेकेदारहरुले ठेक्का सकार गरेका रकमको किस्तामा पाउनुपर्ने राजश्व उठ्न सकेको छैन । उपमहानगरपालिकाको ठेक्का सकारेका ठेक्दारहरुले अझै करिब ८ करोड २० लाख ५१ हजार ९ सय ५५ रुपैया उठ्न सकेको छैन । उपमहानगरपालिकाले पटक पटक ताकेदा गर्दा समेत ठेकेदारहरुले राजश्व बुझाउन अटेर गरेको उपमहानगरपालिकाको भनाई छ ।

उपहानगरपालिकाको राजश्व शाखाको रेकर्ड अनुसार २०७७ साल जेठ मसान्त सम्मको लागि नदीजन्य पदार्थ उत्खन्न तथा बिक्रि गर्ने ठेक्का सकार गरेको न्यु पाथिभरा सप्लायर्स हेटौडाले १ करोड २० लाख २८ हजार ९० रुपैया, श्रेष्ठ बिल्डर्स प्रालि सिमराले १ करोड २७ लाख ३० हजार २ सय २१ रुपैया, ओम सप्लायर्स कलैयाले ९९ लाख ९९ हजार ९ सय ९९ रुपैया बुझाएका छैनन् । यस्तै २०७८ साल जेठ मसान्तसम्मको लागि ठेक्का सकार गरेको बिनोद साह निर्माण सेवा कलैयाले ३ करोड १२ लाख रुपैया समेत अहिलेसम्म बुझाउन आनाकानी नै गरिहेका छन । यो मात्र होईन २०७७ असार सम्मको लागि सड्क उपयोग शुल्क उठाउँन ठेक्का सकार गरेको न्यु गुप्ता सप्लायर्सले २१ लाख २५ हजार, कबाडी करको ठेक्का सकार गरेको सिमरा कन्स्ट्रक्सनले १ करोड २१ लाख ५३ हजार ६ सय ९३ रुपैया,पाडा भैसी बजारको ठेक्का सकार गरेको जितेन्द्र प्रसाद यादबले १५ लाख रुपैया लगायतका उठ्नु पर्ने राजश्व अझै उठ्न सकेको छैन ।

केही ठेकेदार कम्पनीहरुले कोभिड संक्रमणको कारण आफुहरुलाई घाटा भएको कारण बताउँदै जिल्ला अदालत बारामा बक्यौता रकम मिनाहाको माग राख्दै मुदा दायर गरेका छन् । भने नदीजन्य पदार्थहरु सङ्कलन तथा बिक्री ठेक्कामा कर्मचारीहरुले ठेक्कदारसँग मिलामतो गरेको, ठेक्कदारले पैसा नतिर्दा जफत गर्नुपर्ने बैक ग्यारेन्टी रकम जफत गरि असुल नगरेको लगायतको कारण छन । सोही विषयमा उपमहानगरपालिकाको तत्कालिन प्रमुख प्रशासकिय अधिकृत शिवराज सेढाईमाथि अख्तियार दुरुपयोग अनुसन्धान आयोगले अनुसन्धान गर्दै निलम्बन गरेको छ । उपमहानगरपालिकाको अघिल्लो नेतृत्वको कार्यकालमा रहेको यो राजश्व रकम अर्को कार्यकालको पनि एक बर्ष पुग्न लग्दा समेत अझै राजश्व बुझाउन ठेकेदारहरुले अटेर गर्नु र नेतृत्वले पनि उठाउन नसक्नुले नेतृत्वकै कार्य दक्षतामाथी नै प्रश्न उठ्ने गरेको छ ।

सडक किनारामा गाई वस्तु नबाधौं, नाद खुट्टी आदि नराखौं ।
सुवर्ण गाउँपालिकाको कार्यालय, कवहीगोठ, बाराद्वारा जनहितमा जारी सन्देश

साझेदारी राष्ट्रिय दैनिक
SAJHEDARI NATIONAL DAILY
Thursday 2, Feb. 2023

# राष्ट्रिय महिला भलिबल प्रतियोगिता शनिबारदेखि

*काठमाडौँ, १८ माघ*

शेरबहादुर खड्का स्मृति प्रतिष्ठानको आयोजना हुने छैटौँ संस्करणको राष्ट्रिय महिला भलिबल प्रतियोगिता यसै सातादेखि सुरु हुने भएको छ।

त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा सञ्चालन हुने उक्त प्रतियोगिता यही माघ २१ देखि २४ गतेसम्म हुने आयोजक प्रतिष्ठानका अध्यक्ष रञ्जन खड्काले जानकारी दिनुभयो। उहाँका अनुसार प्रतियोगितामा विभिन्न ६ टोलीको सहभागिता रहेको छ। यसमा साबिक विजेता सशस्त्र प्रहरी बलको एपिएफ क्लब, न्यू डायमन्ड युथ स्पोर्टस क्लब, नेपाल पुलिस क्लब, त्रिभुवन आर्मी क्लब, गण्डकी प्रदेश भलिबल सङ्घ र एभरेष्ट भलिबल क्लब छन्।

नेपाल भलिबल सङ्घको प्राविधिक सहयोगमा हुने प्रतियोगितामा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरी 'लिगकम नकआउट'का आधारमा खेल सञ्चालन गरिनेछ।

प्रतियोगिताको विजेताले रु तीन लाख पुरस्कार पाउनेछन् भने उपविजेताले रु एक लाख ५० हजार पाउनेछन्। त्यस्तै तेस्रो हुने टोलीलाई रु ७५ हजार पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ। (रासस)

## ब्यापक..................

नाम राख्नु उचित नाभएको बताएका थिए। नेकपा माओबादी केन्द्रका युवा नेता एवम् हाल पिप्रामै बस्दै आएका सुनिल रायभरले पहिले नै नाम राखिएको रोडलाई अहिले आएर अर्को नाम राख्नु गलत भएको जिकिर गरे। पिप्रा लिँक रोडको नामाकरण कार्यक्रमको लागि मधेस प्रदेशका मुख्यमन्त्री र नेपालका लागि भारतीय राजदुत नविन श्रीवास्तवलाई बोलाइएको थियो। तर,भारतीय राजदुत नआउने भएपछि भएपछि वीरगञ्ज महानगरपालिकाले उद्घाटन कार्यक्रम स्थगित गरेको महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी प्रसाद पौडेलले जानकारी दिए।वीरगन्ज पिपराको आफ्नै ऐतिहासिक, सांस्कृतिक र मौलिक पहिचानलाई नै संकटमा पार्ने गरि पिपरा लिंक रोडको नाम महात्मा गान्धी रोडको नाममा नामाकरण गर्न लागिएपछि स्थानीयबासी एवम् राजनीतिक दलबाट समेत चर्को बिरोध भएको थियो।समाजिक सञ्जालमा समेत बिरोधहरु भएपछि चौतर्फी रुपमा बिरोध हुन थालेपछि महानगरले अन्तिम समयमा आएर पिप्रा लिंक रोडको नामाकरण गर्ने कार्य स्थगित गरेको हो।

## धनुषामा..................

गरेको जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक प्रदीपबहादुर क्षेत्रीले जानकारी दिनुभयो।

त्यस्तै हातहतियार खरखजाना मुद्दाका रोशनलाई सोमबार साँझ नै प्रहरीले पक्राउ गरेको थियो।

आइतबार राति इलाका प्रहरी कार्यालयको हिरासतको भित्ता फोडेर विभिन्न मुद्दाका छजना फरार भएका थिए। बाँकी तीनजनाको खोजी जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ। जिल्ला प्रहरी कार्यालय र मधेस प्रदेश प्रहरी कार्यालय जनकपुरधामबाट खटिएको संयुक्त प्रहरी टोलीले खोजतलास जारी बताइएको छ। (रासस)

## एफएम..................

एफएम रेडियो छन्" विज्ञापन नपाएर ती सबैको आर्थिक अवस्था जर्जर भइसकेको छ", उहाँले भन्नुभयो,"यस्तो अवस्थामा दक्ष जनशक्ति राख्ने र कन्टेन्ट अनुसारको कार्यक्रम तयार पार्न समस्या भइरहेकाले प्राविधिकको भरमा गीत बजाएर मात्र एफएम चलाउनु बाध्यता हामीसँग छ"।

आर्थिक सङ्कटका कारण यहाँका कतिपय एफएम बन्द भइसकेका छन् भने कतिपय रेडियो बन्द हुने अवस्थामा पुगेको रेडियो सञ्चाकहरूको भनाइ थियो। "दक्षजनशक्तिको अभावमा हामीले आफ्नो कार्यक्रम उत्पादन गरी बाहिर पठाउन सकिरहेका छैनौँ," पब्लिक एफएमका राजेन्द्र सिंहले भन्नुभयो, "यहाँ एफएम रेडियोले आफ्नो कार्यक्रम उत्पादन नगरी बाहिरका एमएमबाट उत्पादित कार्यक्रम बजाउनुपर्ने बाध्यता छ। हामीले स्रोतालाई आफ्नै उत्पादन सुनाउन चाहे पनि दक्षजनशक्ति नपाएर त्यसो गर्न सकिरहेका छैनौँ, त्यसैले यी समस्या समाधानका लागि सरकारले सहजीकरण गर्नुपर्छ।"

आर्थिक समस्यामा रहेका एफएम रेडियोलाई टेलिफोन, इन्टरनेट र विद्युत् महसुलमा सहुलियत दिने व्यवस्था मिलाउन सकिए रेडियो सञ्चालनमा थोरै भए पनि सहज हुने सञ्चालकहरूको भनाइ थियो।

"आर्थिक समस्याकै कारण रेडियो बन्द हुने अवस्थामा छ", आकास एफएमका सन्तोष पटेलले भन्नुभयो,"आर्थिक समस्यामा परेर बन्द हुने अवस्थामा पुगेका रेडियोलाई विद्युत्, टेलिफोन र इन्टरनेटमा छुटसँगै विज्ञापन पाउने अवस्था सिर्जना गरे एफएम रेडियोलाई थोरै भए पनि राहत हुनसक्छ।"स्थानीयस्तरका विज्ञापन स्थानीय सञ्चारमाध्यमबाट प्रकाशन प्रशारण हुने नीति बनाइए पनि कार्यान्वयन नहुँदा स्थानीय विज्ञापनमा पनि कमिसनका कारण बाहिरी सञ्चारमाध्यममा जाने गरेकाले स्थानीय विज्ञापन एकद्वार प्रणालीबाट स्थानीय सञ्चारमाध्यमलाई उपलब्ध गराउनुपर्नेमा उहाँको जोड थियो।

"हामी बर्सेनि भ्याट र प्यान तिर्छौं"रेडियो बिन्दासका सञ्चालक आरसी यादवले भन्नुभयो, "तर पनि विज्ञापनको भुक्तानी दिने बेलामा १५ प्रतिशत कर काट्दा दोहोरो करको मार परेकोले यसबारे बारेमा सरकारले सोच्नुपर्छ।"

प्राधिकरणका अध्यक्ष श्यामसुन्दर यादवले सामुदायिक र व्यावसायिक रेडियोको अवस्थाप्रति आफूहरू सचेत रहेको बताउनुभयो। समस्या परेर बन्द भएका रेडियोलाई एक पटकका लागि सहुलियत वा अनुदान दिएर भए पनि सञ्चालन गराउने प्राधिकरणको योजना रहेकाले आएका सुझावकै आधारमा योजना बनाइने उहाँले जानकारी दिनुभयो।

"स्वीकृति लिएका सबै एफएम रेडियो चल्नुपर्छ भन्ने हाम्रो चाहना हो" अध्यक्ष यादवले भन्नुभयो,"हामीले समस्यामा परेकालाई के सहयोग गर्न सकिन्छ भने सोचिरहेका रहेका छौँ। त्यसबाहेक बन्द भइसकेका रेडियोलाई सञ्चालनका लागि तत्काल अनुदान दिन सकिन्छ वा कर छुट भन्ने विषयमा पनि हामीले अध्ययन गरिरहेका छौँ।" (रासस)

## पर्यटकीय..................

थियो।"

जैमिनी नगरपालिकाका उपप्रमुख हरिहर शर्माले गाजाको दहको प्रचारप्रसार र भौतिक पूर्वाधार निर्माण योजना बनाएर लागेको बताउनुभयो। उहाँले यो ठाउँ ऐतिहासिक भएको भन्दै यहाँका संरचना तथा दहको संरक्षणका लागि विगतदेखि नै काम गर्दै आएको बताउनुभयो। यहाँको दहमा बाह्रै महिना पानी हुने र यहाँ देखिने छायाँले धेरैलाई आकर्षित गर्ने गरेको उपप्रमुख शर्माको भनाइ छ।

उपप्रमुख शर्मा भन्नुहुन्छ, "यो ठाउँ धार्मिक हिसाबले पनि निकै महत्वपूर्ण मानिन्छ, हरेक वर्ष टाढा(टाढाबाट यहाँ भक्तजन पूजाआजा गर्न आउँछन्, यस्तो महत्वपूर्ण क्षेत्रको विकास तथा प्रवर्द्धनका लागि नगरपालिकाले निरन्तर बजेट विनियोजन गरेर काम गर्दै आएको छ, अहिलेसम्म केही आधार तयार भएको छ, यसको थप विकासका लागि गुरुयोजना बनाएर पूर्वाधार निर्माण गर्ने चरणमा छौँ।"

अहिलेसम्म यहाँ खानेपानी, मन्दिर व्यवस्थापन, शौचालय तथा सडक निर्माणको काम गरिसकेको र अन्य संरचना निर्माणका लागि प्रदेश र केन्द्र सरकारसँग सहकार्य गर्ने उपप्रमुख शर्मा बताउनुहुन्छ। यस वर्ष थप संरचना निर्माणका लागि नगरपालिकाले रु पाँच लाख विनियोजन गरेको शर्माले जानकारी दिनुभयो। यस क्षेत्रलाई पर्यटकीय हब बनाउनका लागि निजी कम्पनीसँग सहकार्य गर्ने उहाँको भनाइ छ। (रासस)

## स्व.वीरेन्द्र..............

गरिने प्रेस चौतारी नेपालका महासचिव हिरामान लामाले जानकारी दिए। यो पुरस्कारबाट मलाई अझै पेशा र संगठन प्रति जवादेहि बनाएको पत्रकार साहको भनाई छ।

यसैगरी प्रेस चौतारीले यस वर्षको हृदयचन्द्र सिंह स्मृति पत्रकारीता पुरस्कार रुपन्देहीका पत्रकार डाक्टर बालकृष्ण चापागाई ,अग्निशीखा स्मृति पत्रकारीता पुरस्कार लमजुङका कृष्ण केसी, डेकेन्द्र थापा स्मृति पत्रकारीता पुरस्कार दैलेखका याम शर्मा, सावित्री-पद्ल्मी बस्नेत स्मृति पत्रकारीता पुरस्कार सुनसरीका लिलाराज भट्टराई र चन्द्र न्यौपाने (शान्तिराम कार्की स्मृति पत्रकारीता पुरस्कार डडेल्धुराकी ममता भट्टलाई दिने निर्णय गरेको छ।

प्रेस चौतारीमा आवद्ध रहेको ती सबै पत्रकारहरुले चौतारीलाई गर्दै आएको योग्दानको कदर गर्दै पुस्कृत गर्न लागेको चौतारीले जनाएको छ।

# अन्तर्राष्ट्रिय समाचार

## अन्तर्राष्ट्रिय हवाई यातायातमा विम्ब बनेको अन्तिम जम्बो जेटको कारुणिक बिदाई

*सियाटल, १८ माघ*

अन्तर्राष्ट्रिय हवाई यातायातमा द्रुत उडानको विम्ब बनेको जम्बो जेट ७४७को विधिवत् बिदाई गरिएको छ। बोइङले आफ्नो अन्तिम उत्पादन अर्थात् १५७४ औँ जम्बो जेट ७४७ विमान वासिङ्टन राज्यको पुगेट साउण्ड क्षेत्रमा क्रेतालाई हस्तान्तरण गरेर बिदा गरेको हो। पचपन्न वर्षदेखि बोइङका विमान बनाउन खटेका हजारौँ कामदारले भावुक भएर जम्बो जेटलाई बिदा गरेको दृश्य कारुणिक थियो।

भीमकाय भएपनि चित्ताकर्षक जम्बो जेटले २०२६ सालमा पहिलो सेवा प्रारम्भ गरेको थियो। मालबाहक विमानका रूपमा उडान भरेको जम्बो जेट पछि व्यावसायिक उडानमा उपयोग गरियो। पाँच सय यात्री बोक्ने क्षमताको विशाल विमान अमेरिकी अन्तरिक्ष अनुसन्धान तथा वायुयान प्रशासनका उपकरण बाहक मात्र बनेने अपितु अमेरिकी राष्ट्रपतिको आधिकारिक विमान 'एयरफोर्स वान'बनेर विश्व यात्रा गऱ्यो। हवाई यात्रामा क्रान्ति ल्याएको जम्बो जेट अन्तर्राष्ट्रिय शहरहरूलाई जोड्ने भरपर्दो माध्यम बन्यो। त्यसअघि विश्वका प्रमुख शहरहरू सिधा हवाई सम्पर्कबाट कहिल्यै जोडिन पाएका थिएनन्।

समयको प्रवाहसँगै अमेरिकी कम्पनी बोइङको सौता एयरबस युरोपमा जन्मियो। विगत १५ वर्षदेखि प्रमुख प्रतिद्वन्द्वी बनेको एयरबसले कम इन्धनमा लामो समय उडान भर्नसक्ने क्षमता भएका फराकिला यात्री विमान निर्माण गर्न थाल्यो। चार इञ्जिनयुक्त बोइङका ७४७ विमानभन्दा दुई वटा मात्र इञ्जिन भएका एयरबसका किफायती मात्र होइन अधिक लाभ दिने साबित भए।

मालबाहक विमान कम्पनी एटलास एयरलाई विमान हस्तान्तरण गर्न बोइङको विशाल कारखाना परिसरमा आयोजित कार्यक्रममा विश्वका विभिन्न भागमा खटिएका बोइङका उच्च अधिकारी, बोइङका ७४७ विमान उडाएका कलाकार एवम् विमान चालक जोन ट्रोभोल्टा सहभागी थिए। "विमानको व्यापार गर्नेले लाभहानीको हिसाब गर्नु स्वाभाविक हो, यस्तो क्षण पनि कुनै दिन आउने छ भन्ने आशङ्का पनि गरिएको हुनुपर्छ," लामो समयदेखि नागरिक उड्डनको क्षेत्रमा काम गरेका रिचार्ड अबुलाफिया अब कसैले पनि चार इञ्जिन भएको विमान नचाहने वास्तविकता सुनाउँदै भन्नुभयो। बोइङको विरासत बलियो बनाउन जम्बो जेटले गरेको योगदान भने नमेटिने उहाँ बताउनुहुन्छ।

बोइङले ठूलो सैन्य यातायात सम्झौता गुमाएपछि ७४७ विमान निर्माणको थालनी गरेको हो। कम इन्धन जलाएर लामो समयसम्म उडान गर्न सक्ने उच्च 'बाइपास टर्बोफ्यान' इञ्जिनयुक्त विकसित विमान बनाएर मुनाफा कमाउने योजनामा उक्त कम्पनी क्रियाशील थियो। झण्डै १६ महिनामा ५० हजार कामदारले क्षेत्रफलका हिसाबले विश्वको सबैभन्दा ठूलो कारखानामा कठोर परिश्रमका साथ पहिलो ७४७ विमान बनाएका थिए। विमान निर्माण गर्ने कारखानाको भौतिक संरचना पूर्णरूपमा पूरा नहुँदै उनीहरूले बनाएको विमानलाई 'द इन्क्रेडिवल्स' उपनाम दिएका थिए।

आज जम्बो जेट हस्तान्तरण समारोहमा सरिक हुनुभएका ९२ वर्षीय देसी इभान्सले सन् १९५७ मा सियाटलको दक्षिणी भाग रेन्टनमा रहेको बोइङको कारखानामा काम सुरु गर्नुभएको थियो। कम्पनीमा ३८ वर्ष सेवा गर्नुभएका उहाँलाई सन् १९६७ मा बोइङका प्रमुख कार्यकारी अधिकृतले भोलि बिहानदेखि एभरेटमा ७४७ विमान बनाउन सहभागी हुन निर्देशन दिनुभएको सम्झना सुनाउनुभयो। काममा गएपछि आफूलाई त्यहाँका प्रमुखले रबरको जुत्ता, किटको बलियो टोपी र बाक्ला लुगा लगाउन सुझाएका बताउनुभयो। कारखाना निर्माणाधीन अवस्थाको उहाँको यो अनुभव थियो। पछि आफूलाई विमानको भित्री भाग कसरी स्थापना गरिन्छ, विभिन्न भागलाई 'सिल' गर्ने र रङरोगन गर्ने कामको निरीक्षण गर्ने जिम्मेवारी दिइएको जानकारी इभान्सले दिनुभयो।

पहिलो ७४७ विमान तयार हुँदाको क्षणलाई अविश्वनीय समय मान्ने इभान्स अन्तिम विमान हस्तान्तरण भइरहँदा त्यसको अग्रभागमा हुनुहुन्थ्यो। ऐतिहासिक आजको क्षण अझ अविश्वनीय उहाँलाई लाग्यो। यद्यपि उहाँले निराश हुनुपर्ने कारण नभएको बताउँदै सबै हर्षित हुनुपर्नेमा जोड दिनुभयो। विमानको इन्धन राख्ने स्थान ६८.५ मिटर लामो थियो भने झण्डै छ तले भवनजत्तिकै अग्लो पृष्ठभाग थियो। ह्वेलमाछा झै विशाल यो विमानलाई आकाशकी रानी भनेर संसारले चिन्यो। केही विमान कम्पनीले यो विमानको एउटा भागलाई कक्टेल लाउञ्जमा परिणत गरेभने केहीले पियानो बार पनि बनाए। रमाइलो के छ भने सन् १९७६ मा सिङ्गापुर एयरलाइनसका लागिबनाइएको एउटा डिकमिसन ७४७ अहिले स्टकहोम विमानस्थल नजिक ३३ कोठे होटलमा परिणत भएको छ। यो संसारकै विशाल 'वाइड बडी'विमान थियो। धेरैभन्दा धेरै यात्री बोक्ने क्षमताको यो विमान कुनै समय यात्राको सारसमेत बन्यो तर सन् ७० को दशकमा हवाई यात्राको नियमनसँगै पर्याप्त यात्री नहुँदा र टिकटको मूल्य घटाउनुपर्ने बाध्यात्मक परिस्थितिका कारण धेरै विमान कम्पनीका निम्ति यो क्रमश: सेतो हात्तीमा परिणत भयो।

सन् १९७० मा न्युयोर्क(लण्डन पहिलो उडान गरेको जम्बो जेटले त्यसको तीन विश्वव्यापी रूपमा उत्पन्न इन्धन सङ्कटका कारण थप समस्या झेल्नुपऱ्यो। इन्धन सङ्कटले निम्त्याएको मन्दीसँगै कुनै समय एक लाख आठ हजार कामदारबाट शुरु भएको बोइङले आफ्ना कर्मचारी ३८ हजार छ सय नब्बेमा सीमित गऱ्यो। सन् ८० को उत्तरार्द्धमा परिष्कृत नयाँ मोडेल ७४७(४०० उत्पादन शुरु भयो। नब्बेको दशकको प्रारम्भमा एशियामा आएको आर्थिक वृद्धिले केही राहत भयो। कम खर्चमा यात्रा सहज भएपछि नयाँ विमान चढ्नेहरू पनि बढे। लसएन्जलस(हङकङ उडानबाट यात्रा गर्नुभएका विश्लेषक अब्दुलाफिया उक्त विमानले हवाई यात्रामा क्रान्ति ल्याएको मान्नुहुन्छ। त्यसअघि त्यति लामो दूरी विश्रामबिना एकै उडानबाट असम्भव थियो(अर्थात् इन्धन भर्न कहीँ रोकिनुपर्थ्यो। र, टिकटको मूल्य पनि मनासिब थियो।

यात्रुबाहक उडानका निम्ति ७४७ विमान प्रयोग गर्ने अन्तिम एयरलाइन्स अमेरिकी विमान कम्पनी डेल्टा एयरलाइन्स बनेको छ। यद्यपि जर्मनीको लुफ्थान्सालगायत केही अन्तर्राष्ट्रिय विमान कम्पनीले यसलाई उडाइ रहेका छन्। लुफ्थान्साका प्रमुख कार्यकारी अधिकृत कार्स्टेन स्पोहर केही दशकअघि विद्यार्थीका रूपमा सोही विमान चढेर युवा एक्सचेञ्ज कार्यक्रममा सहभागी हुन अमेरिका पुग्नुभएको थियो। यसपटक पनि उहाँ ७४७ विमानबाटै हस्तान्तरण समारोहमा भाग लिन आउनुभएको हो। उहाँले धेरैभन्दा धेरै यात्रीलाई सोही विमानमार्फत सेवा दिने प्रतिबद्धता व्यक्त गर्नुभएको छ। हवाई जहाजको पर्याय नै बोइङ भएको उहाँको कथन छ। (रासस)

## झारखण्ड आगलागीमा चौध जनाको मृत्यु

*नयाँदिल्ली, १८ माघ*

भारतको झारखण्ड राज्यमा मङ्गलबार आगलागीमा परेर कम्तीमा पनि १४ जनाको ज्यान गएको बताइएको छ।

समाचारअनुसार विवाह समारोह भइरहेका बेला एक निजी आवासीय घरमा आगलागी भएको थियो। त्यसमा परेर १४ जनाको ज्यान गएको र अरु केही घाइते भएका छन्।जलेर मृत्यु हुनेमा १० जना महिला र चार बालबालिका परेका छन्।

पूर्वी झारखण्डको दानबादमा भएको सो आगलागीमा परेर दर्जनौं व्यक्ति जलेर घाइते भएका छन्।

आगलागी के कति कारणले भएको हो भन्ने बारेमा अनुसन्धान सुरु भएको प्रहरीले जनाएको छ। आगो लागेको क्षेत्रमा सो घरका व्यक्ति च्यापिएर रहेका छन् कि भनेर खोजी भइरहेको प्रहरीले जनाएको छ। (रासस)

जन्म दर्ता, मृत्यु दर्ता, बसाईसराई लगायत घटना दर्ताहरु समयमै गर्ने गरौं।
प्रसौनी गाउँपालिकाको कार्यालय, प्रसौनीद्वारा जनहितमा जारी सन्देश

# स्व.वीरेन्द्र साह क्रियाशील पत्रकारीता पुरस्कारबाट पत्रकार साह पुरस्कृत हुने

*साझेदारी संवाददाता*
*कलैया, १८ माघ*

प्रेस चौतारी नेपालले स्थापना गरेको स्व.वीरेन्द्र कुमार साह क्रियाशील पत्रकारीता पुरस्कारबाट यो बर्ष बाराका सक्रिय पत्रकार लक्ष्मी साहलाई पुरस्कृत गर्ने निर्णय गरेको छ ।


*पुरस्कृत हुने पत्रकार साह* *फोटो: साझेदारी*

चौतारी नेपालको पुरस्कार छनौट समितिको बैठकले पत्रकार साहलाई सो पुरस्कार प्रदान गर्ने निर्णय भएको प्रेस चौतारीले जनाएको छ । पत्रकार बीरेन्द्र साहको हत्या तत्कालिन नेकपा माओवादीका कार्यकर्ताहरुले अपहरण गरि बाराकै टंगिया बस्तीको जंगलमा हत्या गरेर शव गाडेको अवस्थामा फेला परेको थियो । स्व साहको शव खोज्न देखि लिएर परिवारका सदस्यहरुलाई समेतको रेखदेखमा सक्रिय रुपमा सहयोग गर्दै उनका हत्याराहरुलाई कानुनी दायरामा ल्याउने काममा पनि अग्रसर रहदै आएको पत्रकार लक्ष्मी साहको कामको उच्च मुल्याङ्कन गरिदै उनलाई सो पुरस्कार प्रदान गर्न लागेको हो ।

पुरस्कृत हुने साह कान्तिपुर दैनिकमा कार्यरत रहेका हुन । नेपाल पत्रकार महासंघ बारा शाखाका जिल्ला अध्यक्ष, प्रेस चौतारीको बारा जिल्ला अध्यक्ष, केन्द्रीय सदस्य समेतको जिम्मेवारी समाली सकेका उनी लामो समयदेखि बाराबाट सक्रिय पत्रकारिता गर्दै आएका छन ।

प्रेस चौतारीको २२ औं स्थापना दिवसका अवसरमा काठमाण्डौमा यहि माघ २२ अर्थमन्त्री विष्णु पौडेलको प्रमुख आतिथ्यतामा हुने कार्यक्रमा साहलाई उक्त पुरस्कार प्रदान

**बाँकी तेस्रो पृष्ठमा**

# प्राणप्रतिष्ठाको अवसरमा गाउँभरी डाला परिक्रमा

*सुभाष कुमार मिश्र,*
*रौतहट १८ माघ*

रौतहटको फतेपुरमा भगवानको प्राणप्रतिष्ठा यज्ञ शुरु भएको छ। जिल्लाको कटहरिया नगरपालिका वडा नम्बर ६ फतेपुरमा भगवानको प्राणप्रतिष्ठा हुन गएको अवसरमा भगवानको डाला कार्यक्रम निकालिएको छ ।

बुधबार कटहरीया नगरपालिका अन्तर्गत पर्ने फत्तेपुरमा चार वटा भगवानको प्राण प्रतिष्ठा हुने भएकोले गाउँभरि डाला निकाली परिक्रममा गरिएको स्थानीय रौशन चौधरीले जानकारी गराएका हुन् ।


*डाला परिक्रमा सहभागिहरु* *फोटो: साझेदारी*

कटहरिया नगरपालिका अन्तर्गत रहेको ओम बरुवरिका संचालक तथा रौतहट क्षेत्र नम्बर ३ को प्रतिनिधि सभासदस्य पदको प्रत्यासी ओमप्रकाश जैसवालको सहभागिता डाला कार्यक्रममा निकालिएको आयोजकले बताए ।

फत्तेपुरमा श्री राम,जानकी,लक्षमण र हनुमानको प्राणप्रतिष्ठा गर्न मंगलबार १००८ कुमारी कन्याद्वारा कलश यात्रा निकालिएको र सोही दिन कन्याद्वारा कटहरिया स्थित लालबकैयाबाट जल बोझी फत्तेपुरसम्म कलश यात्रा निकालिएको थियो ।

कटहरिया-६ स्थित फत्तेपुरको मठमा भगवान श्रीराम जानकी र लक्ष्मण तथा हनुमान जी गरि जम्मा चार वटा मुर्तिको प्राणप्रतिष्ठा हुने कार्यक्रम रहेको छ । प्राण प्रतिष्ठा कार्यक्रममा भण्डारा (बटोर) तथा उक्त यज्ञमा जिल्ला भरीका साधु महात्मा आउने तयारी थालिएको आयोजकले बताएका हुन् ।भगवानको प्रतिमा (मुर्ति) स्थापनाले समस्त फत्तेपुरगाउँ वासी,नगरबासी,जिल्लाबासी लगायत सम्पुर्ण देशबासी लाईयस अनुष्ठानले समस्त मानव जातीको कल्याण हुने उदेश्यले यस यज्ञको अनुष्ठान गरिएको निवर्तमान वडाअध्यक्ष शम्भुकान्त यादवले बताए । शुक्रबारको दिन उक्त यज्ञमा अष्टजाम समेत हुने समितिले जनाएको छ ।

# बिल बिजक भन्दा बढी सामान लोड गर्ने ट्याक्टर नियन्त्रणमा

*साझेदारी संवाददाता*
*वीरगञ्ज, १८ माघ*

बिल बिजक भन्दा बढी लोड रहेको दुई वटा भारतीय ट्याक्टरलाई पर्सा प्रहरीले नियन्त्रणमा लिएको छ ।

वडा प्रहरी कार्यालय श्रीपुर तथा सशस्त्र प्रहरी वल पर्साबाट खटिएको संयुक्त प्रहरी टोलीले वीरगञ्ज महानगरपालिका-२५ चण्डालचोक सडकखण्डबाट चेकजाँच गरेको थियो । चेकजाँचको क्रममा बीआर ०५ जिसी ४०७१ र बीआर ०५ जिए ४३३४ नम्बरको ट्याक्टरमा लोड भएको लताकपडाको बिलबिजक भन्दा बढी भएको पाइएको थियो । ट्याक्टरसहित लताकपडालाई आवश्यक कारवाहीको लागि राजश्व अनुसन्धान कार्यालय पथलैया, बारामा बुझाइएको पर्साका प्रहरी प्रवक्ता एवम् प्रहरी नायब उपरिक्षक निर्मल बुढाथोकीले जानकारी दिएका छन ।



*नियन्त्रणमा लिईएको भारतीय ट्याक्टरहरु ।* *फोटो: पर्सा प्रहरी*

# एफएम रेडियोको समस्यामा

*वीरगञ्ज, १८ माघ*

मधेस-प्रदेशस्थित पर्साको वीरगञ्जका अधिकांश सामुदायिक र व्यावसायिक रेडियो यतिबेला आर्थिक सङ्कटमा परेका छन् ।

दक्ष जनशक्तिको अभाव, व्यावसायिक विज्ञापन नपाउने, सरकारको दोहोरो कर नीतिलगायत कारणले एफएम रेडियो सञ्चालन गर्न समस्या भएको सञ्चालकहरूको गुनासो छ। 'सामुदायिक र व्यावसायिक रेडियो सञ्चालनको अवस्था र प्रदेश सरकारले गर्नसक्ने सहयोग' का सम्बन्धमा प्रदेशको आम सञ्चार प्राधिकरणले यहाँ आयोजना गरेको कार्यक्रममा स्थानीय रेडियो सञ्चालकहरूले दक्षजनशक्ति र विज्ञापनको अभावका कारण रेडियो सञ्चालन गर्न कठिनाइ भइरहेको बताए ।

"हामीले अहिले सहजरूपमा विज्ञापन पाउने अवस्था छैन", सामुदायिक रेडियो नारायणी एफएमका सञ्चालक गोविन्द देवकोटाले भन्नुभयो, "अहिले एफएमको आर्थिक स्रोत खुम्चिँदै गएको छ, सहजरूपमा विज्ञापन पाउने स्थिति छैन्, कमिसन पाइने हिसाबले मात्र विज्ञापन उपलब्ध गराइन्छ ।"

" वीरगञ्जमा सामुदायिक र व्यावसायिक गरी १३/१४ वटा

**बाँकी तेस्रो पृष्ठमा**


# परवानीपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

**लिपनीमाल,बारा**
**मधेश प्रदेश,नेपाल**

## करारमा सेवा लिने सम्बन्धि सूचना

*(पुनःसूचना प्रकासित मिति २०७९/१०/१९ गते )*

यस परवानीपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय अन्तर्गत बिभिन्न सामुदायिक विद्यालयहरुको लागि देहायको संख्या र योग्यता भएको स्वयं सेवक करार शिक्षक राख्नु पर्ने भएकोले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्द्र)औं दिनको कार्यालय समय भित्र राजस्व तिरेको रसिद सहित दरखास्त दिन हुन् सम्बन्धित सबैको जानकारीको लागि यो सूचना पुनः प्रकाशितगरिएको छ। यसको दरखास्त फारम,दरखास्त दस्तुर,कार्य-बितरण,पारिश्रमिक,सेवा शर्तहरु सहितको बिस्तृत विवरण कार्यालको वेबसाइट :parwanipurmun.gov.np, info@parwanipurmun.gov.np, parwanipurgaupalika@gmail.com बाट उपलब्ध हुनेछ।

**तपशिल**

| क्र.स. | बिज्ञापन नं. | पद | तह | प्रकार | बिषय | शै.योग्यता | संख्या | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १ | ०१-२०७९/०८० | शिक्षक | माध्यमिक | करार | नेपाली | बि.एड.वा सो सरह | २ | |
| २ | ०२-२०७९/०८० | शिक्षक | माध्यमिक | करार | अंग्रेजी | बि.एड.वा सो सरह | १ | |
| ३ | ०३-२०७९/०८० | शिक्षक | माध्यमिक | करार | बिज्ञान | बि.एड.वा सो सरह | २ | |
| ४ | ०४-२०७९/०८० | शिक्षक | माध्यमिक | करार | लेखा | बि.एड.वा सो सरह | १ | |
| ५ | ०५-२०७९/०८० | शिक्षक | माध्यमिक | करार | अर्थशास्त्र | बि.एड.वा सो सरह | १ | |
| ६ | ०६-२०७९/०८० | शिक्षक | माध्यमिक | करार | गणित | बि.एड.वा सो सरह | १ | |
| ७ | ०७-२०७९/०८० | शिक्षक | निम्न माध्यमिक | करार | अंग्रेजी | आई.एड.वा सो सरह | ३ | |
| ८ | ०८-२०७९/०८० | शिक्षक | निम्न माध्यमिक | करार | गणित | आई.एड.वा सो सरह | २ | |
| ९ | ०९-२०७९/०८० | शिक्षक | निम्न माध्यमिक | करार | स्व.शिक्षा | आई.एड.वा सो सरह | १ | |
| १० | १०-२०७९/०८० | शिक्षक | निम्न माध्यमिक | करार | बिज्ञान | आई.एड.वा सो सरह | १ | |
| ११ | ११-२०७९/०८० | शिक्षक | निम्न माध्यमिक | करार | नेपाली | आई.एड.वा सो सरह | १ | |
| १२ | १२-२०७९/०८० | शिक्षक | प्राथमिक | करार | - | आई.एड.वा सो सरह | १२ | |
| १३ | १३-२०७९/०८० | | बाल विकास | करार | - | | ४ | |

**तलब भता :** परवानीपुर गाउँपालिकाको निर्णय अनुसार हुने छ ।
**करार अबधि :** २०८० साल असाढ मसान्त सम्म । ( आबश्यकता अनुसार पुनः म्याद थप गरिने छ । )
**परीक्षाको किसिम :** (क) लिखितपरीक्षा (सामान्य र बिषयगत )
(ख) अन्तर्वार्ता
**उम्मेदवारको उमेर हद :** दरखास्त दिने अन्तिम मिति सम्म १८ बर्ष उमेर पुरा भइ ३५ बर्ष नन्नाघेको ।
**न्युनतम योग्यता :**
**(क) मा.बि. तह :** मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धित बिषयमा स्नातक तह वा सो सरह उतिर्ण गरेको र मा.बि. तहको स्थाई अध्यापन अनुमति पत्र प्राप्त गरेको । (स्नातकोतरलाई प्राथमिकता)
**(ख) नि.मा.बि. तह :** मान्यता प्राप्त शिक्षण संस्थावाट सम्बन्धित बिषयमा प्रबिणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको र नि.मा.बि. तहको स्थाई अध्यापन अनुमति पत्र प्राप्त गरेको । (स्नातकलाई प्राथमिकता)
**(ग) प्रा.बि. तह :** मान्यता प्राप्त शिक्षण संस्थावाट प्रबिणता प्रमाण पत्र तह वा सो सरह उतिर्ण गरेको प्राथमिक तहको स्थाई अध्यापन अनुमति पत्र प्राप्त गरेको । (स्नातकलाई प्राथमिकता )
**संलग्न गर्नुपर्ने कगजातहरु :** शैक्षिक योग्यताको प्रमाण पत्र,व्यक्तिगत बिबरण (Bio Data), नेपाली नागरिकताको प्रमाण पत्र, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ।
**आबेदन दस्तुर :** माध्यमिक १५००/-, निम्न माध्यमिक १२००/-, प्राथमिक १०००/- र बाल विकास ५००/-
**नोट :** बिदेशी बोर्डवाट उतिर्ण गरेको भएमा समकक्षता निर्धारण गरेको प्रमाण पत्रको प्रतिलिपि पेश गर्नु पर्ने छ।
**बिशेष प्राथमिकता :**
१. उच्चतम योग्यता, महिला, दलित, कम्प्युटर सम्बन्धि ज्ञान प्राप्त ।
२. शिक्षक सेवा आयोगको आ.ब. २०७८/०७९ र २०७९/०८० को विज्ञापनमा स्थायी शिक्षक पदपूर्तिको अन्तिम सिफारिशको संग-संगै बैकल्पिक तथा अस्थायी योग्यताक्रममा परेका योग्य उमेद्वारलाई स्वत : योग्य मानिने छ ।
**आबेदन बुझाउने स्थान :** परवानीपुर गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय लिपनीमाल, बारा ।
नोट : १. फारम भर्ने अन्तिम दिन सार्बजनिक बिदा परेमा त्यसको भोलि पल्ट फारम भर्न सकिने छ।
२. यस सुचनामा बाहेकका बिषय वस्तुको सम्बन्धमा स्वयं सेवक करार शिक्षक छनौट समितिले निर्धारण गरे बमोजिम हुने छ ।

*प्रमुख प्रशासकीय अधिकृत*


**पर्यटकिय स्थलको संरक्षण र प्रचार गरी नगरको विकासमा जुटौं ।**
**निजगढ नगरपालिकाको कार्यालय, निजगढ, बाराद्वारा जनहितमा जारी सन्देश**